नेपाल सरकारको वार्षिक ऋण योजना
(Annual Borrowing Plan)
(आन्तरिक ऋण निष्कासन तथा बोलकबोल तालिका)

आर्थिक वर्ष – २०८२/८३

नेपाल सरकार
अर्थ मन्त्रालय
सार्वजनिक ऋण व्यवस्थापन कार्यालय
त्रिपुरेश्वर, काठमाडौं

विषय सूची

खण्ड-१, सार्वजनिक ऋणको नीतिगत तथा कानूनी व्यवस्था र मौजुदा अवस्था १

१.१ पृष्ठभूमि १

१.२ वार्षिक ऋण योजना (Annual Borrowing Plan) २

१.३ मध्यमकालीन ऋण रणनीतिको उद्देश्य तथा लक्ष्यहरू ३

१.४ वार्षिक ऋण योजनाको सीमाहरू ४

१.५ सार्वजनिक ऋण दायित्वको समग्र अवस्था (Overall Status of Public Debt Liability) ५

१.६ सार्वजनिक ऋण दायित्वको वार्षिक प्रवृति ६

खण्ड- २, सार्वजनिक वित्त तथा आर्थिक परिसूचकका लक्ष्य तथा अनुमान ८

२.१ सार्वजनिक वित्त प्रक्षेपण ८

२.२ सार्वजनिक ऋण आवश्यकता पहिचान ९

२.३ ऋण सेवा खर्च (Debt Servicing) १०

२.४ ऋणको साँवा फिर्ता तालिका १०

२.५ अनुमानित मासिक बजेट घाटा १२

खण्ड-३, वार्षिक ऋण योजना लक्ष्य तथा निष्कासन तालिका १३

३.१ वार्षिक ऋण परिचालन तर्जुमाको आधार: १३

३.२ वार्षिक ऋण स्रोतगत परिचालन: १४

३.३ ऋणको उपकरणगत विभाजन १४

३.४ ऋणको उपकरणगत त्रैमासिक परिचालन लक्ष्य १६

३.५ नगद प्रवाहको अवस्था १७

३.६ सार्वजनिक ऋण दायित्वको प्रक्षेपण १८

३.७ अनुमानित ऋण दायित्व भुक्तानी तालिका २१

३.८ वार्षिक ऋण निष्कासन तालिका २२

तालिका सूची

तालिका १– सार्वजनिक ऋण दायित्वको समग्र अवस्था ८
तालिका २– ऋण दायित्वको वार्षिक प्रवृति ९
तालिका ३– समिष्टीगत सार्वजनिक वित्त प्रक्षेपण ८
तालिका ४– नेपाल सरकारको कुल ऋण आवश्यकताको प्रक्षेपण ९
तालिका ५– सार्वजनिक ऋण सेवा खर्च १०
तालिका ६– ऋणको दायित्वको भुक्तानी तालिका ११
तालिका ७– मासिक बजेट घाटाको अनुमानित विवरण १५
तालिका ८– वार्षिक ऋण स्रोतगत परिचालन १७
तालिका ९– ऋणको उपकरणगत परिचालन १८
तालिका १०– वैदेशिक ऋणको त्रैमासिक परिचालन १९
तालिका ११– आन्तरिक ऋणको त्रैमासिक परिचालन २०
तालिका १२– नगद प्रवाहको अवस्था २१
तालिका १३– सार्वजनिक ऋण दायित्वको प्रक्षेपण २२
तालिका १४– अनुमानित ऋण दायित्वको भुक्तानी तालिका २४
तालिका १५–ऋण निश्काशन तालिका २५

चार्ट सूची

चार्ट १ सार्वजनिक ऋणको संरचना ९
चार्ट २ आन्तरिक ऋण भुक्तानी तालिका १५
चार्ट ३ कुल ऋणमा उपकरणगत प्रतिशत २३
चार्ट ४ कुल गार्हस्थ उत्पादनको आधारमा ऋण अनुपात २४

खण्ड-१, सार्वजनिक ऋणको नीतिगत तथा कानूनी व्यवस्था र मौजुदा अवस्था

१.१ पृष्ठभूमि

राजस्व र व्ययको अनुमान आवश्यकता अनुसार घाटा बजेटको रूपमा पेस गर्न सकिने र त्यस्तो घाटा बजेट प्रस्तुत गर्दा स्रोत परिचालनको स्पष्ट आधार खुलाउनु पर्ने व्यवस्था गरेको छ[1]। सरकारले वार्षिक रूपमा बजेट मार्फत गरेको खर्च अनुमानको स्रोत व्यवस्थापन राजस्व तथा अनुदान मार्फत गर्दछ। यो स्रोतबाट न्यून हुने बजेट घाटा सार्वजनिक ऋण परिचालन मार्फत पूर्ति गरिन्छ। सरकारले घाटा बजेट प्रस्तुत गर्न सक्ने कानुनी व्यवस्था अनुसार न्यून वित्त पूर्ति गर्न सार्वजनिक ऋण परिचालन गर्ने सीमा कानूनमा नै तोकिएको छ। सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९ को दफा (५) को उपदफा (२) ले नेपाल सरकारले लिने वैदेशिक ऋणको जम्मा कुल अङ्क अघिल्लो आर्थिक वर्षको कुल गार्हस्थ उत्पादनको प्रचलित मूल्यमा कायम हुने रकमको एक तिहाइमा नबढ्ने गरी त्यतिसम्म अङ्कको प्रचलित विनिमय दरले हुने विदेशी मुद्रा एकै पटक वा पटक पटक गरी लिन सक्ने व्यवस्था गरेको छ। आन्तरिक ऋणको सम्बन्धमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा सीमा निर्धारण हुने व्यवस्था रहेको छ। प्राकृतिक स्रोत तथा वित्त आयोगले आगामी आर्थिक वर्षको लागि आन्तरिक ऋणको सीमा कूल गार्हस्थ उत्पादनको प्रचलित मूल्यको पाँच दशमलब पाँच प्रतिशत सिफारिस गरेको छ।

वि.सं.२००८ साल पछि शुरूका दशकमा घाटा बजेट पूर्ति गर्ने प्रमुख स्रोत वैदेशिक अनुदान भए तापनि पछिल्ला दशकहरुमा अनुदानको अंश क्रमश: घट्न गई वैदेशिक तथा आन्तरिक ऋणको अंश क्रमशः बढ्दै गएको देखिन्छ। त्यस्तै यही अवधिमा वैदेशिक ऋणको तुलनामा आन्तरिक ऋणको हिस्सा समेत बढ्दै गएको छ। सरकारले सार्वजनिक ऋण परिचालनलाई प्रभावकारी व्यवस्थापन गर्न विभिन्न रणनीति तर्जुमा गरी कार्यान्यवन गर्ने गरेको छ। मध्यमकालीन ऋण व्यवस्थापन रणनीति २०८१/८२-२०८३/८४ ले ऋणको लागत तथा जोखिमस्तर न्यून हुने गरी विभिन्न ऋण उपकरणको विवेकसम्मत छनौट गर्न जोड दिएको छ। उक्त रणनीतिले ऋणको स्रोतगत, उपकरणगत एवम् मुद्रागत बनावट, ऋण परिपक्व हुने अवधि र जोखिम पक्षको विश्लेषण गरेको छ। नेपाल सरकारको आर्थिक वर्ष २०८२/८३ को वार्षिक बजेट, मध्यमकालीन खर्च संरचनाको आधारमा तयार भएको मध्यमकालीन ऋण व्यवस्थापन रणनीति, ऋणपत्र निष्कासन तथा सञ्चालन समितिको बैठकले गरेको मार्गनिर्देशन तथा

[1] आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व ऐन २०७६ को दफा १५

नेपाल राष्ट्र बैंकबाट प्राप्त सुझाव समेतको आधारमा विभिन्न पक्षहरूको विश्लेषण गरी यो वार्षिक ऋण योजना तयार गरिएको छ।

आर्थिक वर्ष २०८१/८२ को अन्त्यसम्ममा आन्तरिक ऋण रू १२ खर्ब ६७ अर्ब र वैदेशिक ऋण रू १३ खर्ब ८२ अर्ब गरी जम्मा रू २६ खर्ब ४९ अर्ब सार्वजनिक ऋण कायम भएको छ। यसरी बढ्दै गएको सार्वजनिक ऋणले सरकारको वार्षिक ऋण सेवा खर्च समेत बढाएको छ। सार्वजनिक ऋण सरकारको बजेट घाटा पूर्ति गर्ने प्रमुख स्रोत भएतापनि आन्तरिक तथा बाह्य ऋणलाई राष्ट्रिय प्राथमिकताको उत्पादनमूलक परियोजनामा परिचालन गर्ने र सार्वजनिक ऋणको दिगोपन विश्लेषण गरी सम्भावित जोखिमको न्यूनीकरण गरेर मात्र परिचालन गर्न चुनौतीपूर्ण देखिएको छ।

१.२ वार्षिक ऋण योजना (Annual Borrowing Plan)

वार्षिक ऋण योजना सरकारले एक आर्थिक वर्षमा वाह्य तथा आन्तरिक ऋण प्राप्ति तथा परिचालन गर्नसक्ने अधिकतम रकमको व्यवस्थित खाका हो। सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९ को दफा ४ को खण्ड (ज) बमोजिम नेपाल राष्ट्र बैङ्कसँगको समन्वयमा आन्तरिक ऋण निष्कासन तथा बोलकबोल तालिका मन्त्रालयबाट स्वीकृत गराई कार्यान्वयन गर्ने उल्लेख छ। नेपाल सरकारको वार्षिक आय-व्यय अनुमान र वार्षिक रूपमा पारित हुने राष्ट्र ऋण उठाउने ऐनको परिधि भित्र रही यो वार्षिक ऋण योजना तर्जुमा गरिएको छ।

सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९ र सार्वजनिक ऋण व्यवस्थापन नियमावली, २०८० कार्यान्वयनमा आएसंगै नेपाल राष्ट्र बैंकबाट हुँदै आएको आन्तरिक ऋणको सञ्चालन र व्यवस्थापन सम्बन्धी कार्य २०८० चैत्र १ गतेबाट पूर्णरूपमा सार्वजनिक ऋण व्यवस्थापन कार्यालयमा हस्तान्तरण भई कार्यन्वयन हुँदै आएको छ। सार्वजनिक ऋण अन्तर्गतको वैदेशिक ऋणको सम्झौता सम्मका अग्र अफिस (Front Office) कार्य अर्थ मन्त्रालयको अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखाबाट हुने गर्दछ भने वैदेशिक ऋण उपकरणहरुको जोखिम र लागतको विश्लेषणात्मक कार्य जस्ता मध्य अफिस (Middle Office) कार्य र ऋणको अभिलेख राख्ने तथा साँवा व्याज भुक्तानी दिने जस्ता पृष्ठ अफिस (Back Office) कार्य यस कार्यालयबाट सम्पादन हुँदै आएको छ। आन्तरिक ऋणको हकमा अग्र, मध्य र पृष्ठ अफिस कार्य यस कार्यालयको जिम्मेवारी रहेको छ। सार्वजनिक ऋणको नीति तथा रणनीति तयार गर्ने, सार्वजनिक ऋणको वार्षिक निष्कासन कार्यतालिका तयार गर्ने र स्वीकृत भएका नीति, रणनीति र कार्यतालिका कार्यान्वयन गर्ने जिम्मेवारी सार्वजनिक ऋण व्यवस्थापन ऐन र नियमावलीले यस कार्यालयलाई तोकेको छ।

नेपाल सरकारको आर्थिक वर्ष २०८२/८३ को वार्षिक बजेट तथा राष्ट्र ऋण उठाउने ऐनले आन्तरिक ऋण रू. ३ खर्ब ६२ अर्बमा नबढ्ने गरी र वैदेशिक ऋण रू. २ खर्ब ३३ अर्ब समेत करिब रू. ५ खर्ब ९५ अर्ब ऋण परिचालन गर्ने लक्ष्य लिएको छ। वार्षिक बजेटले लिएको उक्त ऋणको सीमा भित्र रही यो वार्षिक ऋण योजना तर्जुमा गरिएको छ। वैदेशिक ऋण परिचालन विभिन्न आयोजनामा गरिएको खर्चको आधारमा सम्बन्धित दातृ निकायबाट शोधभर्ना तथा बजेटरी सहायता अन्तर्गत वित्तीय सम्झौतामा भएको शर्त अनुसार प्राप्त हुने भएकोले यस योजनामा मुख्य गरी आन्तरिक ऋण प्राप्तिको योजनालाई प्राथमिकता दिइएको छ। यो योजना तर्जुमा गर्दा मासिक रूपमा राजस्व प्राप्ति तथा बजेट खर्चको अनुमान गरी हुन सक्ने सम्भावित मासिक बजेट घाटाको रकमलाई समेत मध्यनजर गरिएको छ। त्यस्तै सरकारले भुक्तानी गर्नुपर्ने दायित्व श्रृजना भैसकेको ऋणको साँवा व्याज फिर्ता गर्नुपर्ने तालिकाको विश्लेक्षण गरी वार्षिक रूपमा सन्तुलन कायम गर्ने प्रयास गरिएको छ। मध्यमकालीन ऋण व्यवस्थापन रणनीतिले लिएको रणनीति अनुरूप नै यस ऋण योजनामार्फत विगतको तुलनामा आन्तरिक ऋणमा ट्रेजरी बिलको अंशलाई क्रमश: कम गर्दै लगिने र मध्यमकालीन तथा दीर्घकालीन विकास ऋणपत्रहरूको अंशलाई बढाउने गरी उपकरण छनौट गरिएको छ। नेपाल राष्ट्र बैंकसँग समेत राय सुझाव लिई यो योजना तर्जुमा गरिएकोले वित्तीय नीति र मौद्रिक नीतिबीच सामाञ्जस्यता कायम हुने तथा समग्र वित्त नीतिले परिलक्षित गरेका उद्देश्यहरू प्राप्त हुने अपेक्षा गरिएको छ। लागत प्रभावकारिता प्रयोजनको लागि बजारको तरलता अवस्था र प्रचलित व्याजदरको आँकलनको आधारमा ऋण उपकरण छनौट गरिएको छ।

यस योजनाको कार्यान्वयनबाट आ.व.२०८२/०८३ को बजेटले लक्षित गरेका उद्देश्यहरू प्राप्त गर्न न्यून वित्त परिचालनमा महत्वपूर्ण योगदान पुग्ने तथा ऋणको लागत र जोखिमको तह वाञ्छित सीमाभित्र रहने अपेक्षा गरिएको छ। योजनाको कार्यान्वयनबाट आर्थिक वर्ष २०८२/८३ को अन्तिममा ट्रेजरी बिल, विकास ऋणपत्र, नागरिक बचतपत्र, वैदेशिक रोजगार बचतपत्र र आइ.एम.एफ बण्डको मौज्दात कुल ऋणको १२.२ प्रतिशत, ३३.९८ प्रतिशत, ०.४९ प्रतिशत, ०.०४ प्रतिशत र ०.१३ प्रतिशत कायम रहने अनुमान रहेको छ।

१.३ मध्यमकालीन ऋण रणनीतिको उद्देश्य तथा लक्ष्यहरू

नेपाल सरकारले ऋण प्राप्त गर्ने कार्यलाई पारदर्शी एवं अनुमानयोग्य बनाउन मध्यमकालीन ऋण रणनीति, २०८१/८२-२०८३/८४ स्वीकृत गरेको छ। न्यूनतम लागत र विवेकसम्मत जोखिम वहन एवम् समष्टिगत वित्त संरचनाको अनुकूल हुने गरी ऋण भुक्तानीको दायित्व निर्वाह गर्दै नेपाल सरकारको वित्तीय स्रोतको आवश्यकता परिपूर्ति गर्नु नै सार्वजनिक ऋण व्यवस्थापन रणनीतिको प्रमुख उद्देश्य

रहेको छ। यस रणनीतिले सहुलियतपूर्ण वित्तीय स्रोतको परिचालनलाई प्राथमिकता दिएको छ। यस्तो परिचालनबाट नपुग भएको न्यून वित्तलाई आन्तरिक ऋणबाट परिपूर्ति गर्ने लक्ष्य लिएको छ। जसमा प्रायः ट्रेजरी बिल एवम् मध्यमकालीन देखि दीर्घकालीन अवधिमा परिपक्व हुने ऋणपत्र समावेश भएका छन्।

ऋण व्यवस्थापन रणनीतिको दीर्घकालीन लक्ष्य र उद्देश्य

दीर्घकालीन लक्ष्य

समष्टिगत आर्थिक स्थायित्व कायम गर्दै राष्ट्रिय पूर्वाधार विकास र उत्पादनशील क्षेत्रमा लगानी गर्न आवश्यक सार्वजनिक ऋण परिचालन गर्नु सार्वजनिक ऋण व्यवस्थापन रणनीतिको दीर्घकालीन लक्ष्य रहेको छ।

प्रमुख उद्देश्य

न्यून लागत र विवेकसम्मत जोखिम बहन गर्दै निरन्तर तथा दिगो समष्टिगत वित्तीय संरचना अनुकूल हुने गरी ऋण भुक्तानी दायित्व निर्वाह गर्दै नेपाल सरकारको वित्तीय स्रोतको आवश्यकता परिपूर्ति गर्नु सार्वजनिक ऋण व्यवस्थापन रणनीतिको प्रमुख उद्देश्य रहेको छ।

मध्यमकालीन ऋण व्यवस्थापन रणनीतिको प्रमुख उद्देश्यसँग तादात्म्यता कायम हुने गरी देहायका विशेष उद्देश्य तय गरिएको छः

- समष्टिगत आर्थिक संरचना अनुरूप हुने गरी नेपाल सरकारलाई आवश्यक पर्ने ऋण प्राप्तिका उपायहरू सुनिश्चित गर्ने र ऋण प्रोफाइलको दिगोपना कायम गर्नु।
- सार्वजनिक ऋणको लागत र जोखिमलाई न्यून बनाउदै सरकारको वित्तीय आवश्यकता पूर्ति गर्नु।
- सरकारको नगद व्यवस्थापनलाई सहयोग पुऱ्याउनु।
- लगानीकर्ताको आधार विस्तार गर्नुका साथै ऋण उपकरण एवम् आन्तरिक तथा वाह्य ऋणको स्रोतको विविधीकरण गर्नु।

१.४ वार्षिक ऋण योजनाको सीमाहरू

आ.व. २०८२/८३ को वार्षिक ऋण योजना अनुरूपको ऋण प्राप्ति तथा भुक्तानी कार्यलाई समग्र देशको आर्थिक स्थिति र विभिन्न आर्थिक सूचकहरू वास्तविक गार्हस्थ उत्पादन दर, राजस्व परिचालनको स्तर, मुद्रास्फीति, व्याज दर (आधारभूत दर), विदेशी विनिमय दर जस्ता सूचकहरूको यथार्थ अवस्थाले असर गर्न सक्ने देखिन्छ।

१.५ सार्वजनिक ऋण दायित्वको समग्र अवस्था (Overall Status of Public Debt Liability)

आर्थिक वर्ष २०८०/८१ को अन्तमा सार्वजनिक ऋण रू. २४ खर्ब ३४ अर्ब रहेकोमा आर्थिक वर्ष २०८१/८२ को अन्त्यमा यस्तो कुल सार्वजनिक ऋण रू. २६ खर्ब ४९ अर्ब कायम भएको छ। चालु आर्थिक वर्षमा साँवा फिर्ता रू. २ खर्ब ८७ अर्ब, ऋण प्राप्ती रू. ४ खर्ब २९ अर्ब भई वैदेशिक विनिमयमा भएको घाटाको कारण रू. ७३ अर्ब दायित्व थप भएकोले गतवर्षको तुलनामा रू. २ खर्ब १५ अर्ब सार्वजनिक ऋण थप भएको छ।

तालिका: १ - सार्वजनिक ऋण दायित्वको समग्र अवस्था

(रू. करोडमा)

सि.नं	विवरण	शुरु मौज्दात	कारोवार		विनिमय दर घाटा	२०८२ असार मसान्त सम्मको	हिस्सा (प्रतिशत)
			ऋण प्राप्ती	साँवा फिर्ता			
क	वैदेशिक ऋण	१२५३१९.७९	९९२०.१६	४३२९.७७	७३००.९५	१३८२११.१३	५२.१७%
१	बहुपक्षीय ऋण	१११५०८.७१	९४३९.६७	३२४१.७३	१०४९.३५	११८७५६.००	४४.८३%
२	द्धिपक्षीय	१३८११.०८	४८०.४९	१०८८.०४	६२५१.६०	१९४५५.१३	७.३४%
ख	आन्तरिक ऋण	११८०९०.१८	३२९९९.०७	२४३९१.२६		१२६६९७.९९	४७.८३%
१	ट्रेजरी बिल	४०३६९.२३	११५००.००	१४३१३.०३		३७५५६.२०	१४.१८%
२	विकास ऋणपत्र	७६१९४.७०	२१०९५.००	९९१४.००		८७३७५.७०	३२.९८%
३	नागरिक बचतपत्र	१११२.०१	३९०.०२	१६०.५२		१३४१.५०	०.५१%
४	वैदेशिक रोजगार बचतपत्र	२२.७०	१४.०६	३.७१		३३.०५	०.०१%
५	आइ.एम.एफ बण्ड	३९१.५४	०.००	0.00		३९१.५४	०.१५%
	जम्मा	२४३४०९.९७	४२९१९.२३	२८७२१.०३		२६४९०९.१२	१००.००%

स्रोत: सार्वजनिक ऋण व्यवस्थापन कार्यालय (वैदेशिक ऋणको विवरण जेठ मसान्तसम्मको राखिएको छ)

आर्थिक वर्ष २०८१/ ८२ को अन्त्यमा वैदेशिक र आन्तरिक ऋणको हिस्सा क्रमश ५२.१७ प्रतिशत र ४७.८३ प्रतिशत रहने छ। कुल सार्वजनिक ऋण रकममा बहुपक्षीय ऋण ४४.८३ प्रतिशत, द्विपक्षीय ऋण ७.३४ प्रतिशत, ट्रेजरी बिल १४.१८ प्रतिशत र विकास ऋणपत्र ३२.९८ प्रतिशत रहेको छ।

चार्ट १ – सार्वजनिक ऋणको संरचना



१.६ सार्वजनिक ऋण दायित्वको वार्षिक प्रवृति

पछिल्लो पाँच आर्थिक वर्षमा नेपालको कुल तिर्न बाँकी सार्वजनिक ऋण रकममा वृद्धि भएको छ। आर्थिक वर्ष २०७७/७८ मा रू. १७ खर्ब ३७ अर्ब रहेको ऋण आर्थिक वर्ष २०८१/८२ मा रू. २६खर्ब ४९ अर्ब पुगेको छ। यस अवधिमा आन्तरिक तथा वाह्य ऋण संरचनामा समेत परिवर्तन भएको छ।

तालिका: २ - ऋण दायित्वको वार्षिक प्रवृति

(रू.करोडमा)

आर्थिक बर्ष	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२
आन्तरिक ऋण	८०,२९४.१६	९८,७४४.९३	११२,९१०.३७	११८,०९०.१८	**१२६,६९७.९९**
वैदेशिक ऋण	९३,४६९.५२	१०२,५८४.७१	११७,२४८.८८	१२५,३१९.७९	**१३८,२११.१३**
जम्मा ऋण	**१७३,७६३.६९**	**२०१,३२९.६४**	**२३०,१५९.२५**	**२४३,४०९.९८**	**२६४,९०९.१२**
वार्षिक बृद्धिदर	**२१.२२%**	**१५.८६%**	**१४.३२%**	**५.७६%**	**८.८३%**
कूल गार्हस्थ उत्पादन	**४२६,६३२.००**	**४८५,१६२.००**	**५३८,१३३.५०**	**५७०,४८४.४०**	**६१०,७२२.१०**
कूल गार्हस्थ उत्पादनको तुलनामा ऋणको प्रतिशत	**४०.७३%**	**४१.५०%**	**४२.७७%**	**४२.६७%**	**४३.३८%**
कुल ऋणमा आन्तरिक ऋणको हिस्सा	४६.२१%	४९.०५%	४९.०६%	४८.५१%	४७.८३%
कुल ऋणमा वैदेशिक ऋणको हिस्सा	५३.७९%	५०.९५%	५०.९४%	५१.४९%	५२.१७%

स्रोत: सार्वजनिक ऋण व्यवस्थापन कार्यालय

आर्थिक वर्ष २०७७/७८ मा सार्वजनिक ऋणको वार्षिक वृद्धिदर करिब २१.२२ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८०/८१ मा ५.७६ र आ.व.२०८१/८२ मा वृद्धिदर ८.८३ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७७/७८ मा कुल ऋण मौज्दातमा आन्तरिक ऋण र वैदेशिक ऋणको हिस्सा क्रमश ४६.२१ प्रतिशत र ५३.७९ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८१/८२ मा यस्तो हिस्सा ४७.८३ प्रतिशत र ५२.१७ प्रतिशत रहने छ। पछिल्ला वर्षहरू ऋणको वृद्धिदरमा उल्लेख्य रूपमा कमी आएको छ।

खण्ड- २, सार्वजनिक वित्त तथा आर्थिक परिसूचकका लक्ष्य तथा अनुमान

२.१ सार्वजनिक वित्त प्रक्षेपण

नेपाल सरकारको सोह्रौं पञ्चवर्षीय योजना, मध्यमकालीन खर्च संरचना, आर्थिक वर्ष २०८२/८३ को बजेट अनुसार सार्वजनिक वित्तको आर्थिक वर्ष २०८०/८१ को यथार्थ, आर्थिक वर्ष २०८१/८२ को संशोधित र आर्थिक वर्ष २०८२/८३ को लक्ष्य तथा आर्थिक वर्ष २०८३/८४ र २०८४/८५ को प्रक्षेपण निम्नानुसार रहेको छ।

तालिका: ३ - समष्टिगत सार्वजनिक वित्त प्रक्षेपण

सि.न.	प्रक्षेपित विवरण	एकाई	२०८०/८१ यथार्थ	२०८१/८२ संशोधित	२०८२/८३ लक्ष्य	२०८३/८४ अनुमानित	२०८४/८५ अनुमानित	२०८५/८६ अनुमानित
१	**राजस्व तथा अनुदान**	रू. अर्ब	११०७.५०	१४७१.६२	१३६८.४५	१९८९.५०	२२४२.२८	२५२५.९०
१.१	राजस्व	रू. अर्ब	१०८३.५०	१४१९.३०	१३१५.००	१९१७.५०	२१५५.८८	२४२२.२२
१.२	अनुदान	रू. अर्ब	२४.००	५२.३२	५३.४५	७२.००	८६.४०	१०३.६८
२	**कुल खर्च(साँवा र ब्याज खर्च तथा राजस्व बाँडफाँट समेत)**	रू. अर्ब	१५२४.००	२०१९.३०	१९६४.११	२६६८.९०	२८२०.५८	२९८१.४४
२.१	कुल खर्च(साँवा र व्याज खर्च समेत तथा राजस्व बाँडफाँट बाहेक)	रू. अर्ब	१३९३.४०	१८६०.३०	१९६४.११	२४५५.००	२५८५.२९	२७२२.६२
२.२	प्राथमिक खर्च	रू. अर्ब	१२१८.६३	१६१६.५०	१५५३.१०	२०७६.१५	२८२०.५८	२९८१.४४
३	**प्राथमिक बचत**	रू. अर्ब	-१११.१३	-१४४.८८	-१८४.६५	-८६.६५	-५७८.३०	-४५५.५४
४	व्याज खर्च	रू. अर्ब	८२.०३	१०३.१०	१०८.५४	१९०.६७	०.००	०.००
५	साँवा खर्च	रू. अर्ब	२२३.३४	२९९.७०	३०२.४८	४०२.०९	०.००	०.००
६	**बजेट घाटा**	रू. अर्ब	-४१६.५०	-५४७.६८	-५९५.६६	-६७९.४०	-५७८.३०	-४५५.५४
७	**कुल ऋण परिचालन**	रू. अर्ब	३६०.०८	५४७.६७	५९५.६६	६७९.४०	७१०.११	७४०.७३
७.१	बाह्य ऋण	रू. अर्ब	१२५.६६	२१७.६७	२३३.६६	३०२.४०	३०६.७२	३०९.१०
७.२	आन्तरिक ऋण	रू. अर्ब	२३४.४२	३३०.००	३६२.००	३७७.००	४०३.३९	४३१.६३
८	कुल गार्हस्थ उत्पादन	रू. अर्ब	५७०४.८४	६१०७.२२	७१५२.९३	८०७५.६६	९१७३.५४	१०३०७.३२
९	बास्तविक कुल गार्हस्थ उत्पादन बृद्विदर	%	३.९०	६.००	६.६०	७.६०	७.९०	७.३०
१०	मुद्रास्फीती	%	३.५०	६.००	६.७५	६.५०	६.३०	६.२०
११	आधार ब्याजदर	%	८.००	८.००	८.००	८.००	८.००	८.००
१२	विनिमय दर(असार मसान्त)	NPR/USD	१३३.९७	१३९.३४	१४३.०१	१४६.८२	१५०.६६	१५२.००

स्रोत: आर्थिक वर्ष २०८२/ ८३ को बजेट पुस्तिका ,MTEF, सोह्रौं पञ्चवर्षीय योजना

आर्थिक वर्ष २०८२/८३ को बजेट अनुसार कुल बजेट घाटा रू. ५ खर्ब ९५ अर्ब हुने र उक्त न्यून रकम मध्ये वाह्य ऋण रू. २ खर्ब ३३ अर्ब र आन्तरिक ऋण रू. ३ खर्ब ६२ अर्ब परिचालन गर्ने लक्ष्य लिएको छ।

२.२ सार्वजनिक ऋण आवश्यकता पहिचान

आर्थिक वर्ष २०८२/८३ को मध्यमकालीन खर्च संरचना तथा वार्षिक बजेट अनुमान अनुसार सरकारी वित्तको प्रमुख सूचक तथा ऋण आवश्यकता देहायबमोजिम रहने लक्ष्य लिएको छ।

तालिका: ४ – नेपाल सरकारको कुल ऋण आवश्यकताको प्रक्षेपण

(रू. करोडमा)

सि. नं.	विवरण	२०८०/८१ को यथार्थ	२०८१/८२ को संशोधित लक्ष्य	२०८२/८३ को लक्ष्य
१	**राजस्व र विविध प्राप्ति (राजश्व बाँडफाट समेत)**	**१०८,२७२.०**	**१२६,७३८.९**	**१४८,०००.०**
२	कर राजस्व	९४,४५५.५	११२,८१८.७	१३२,५५८.४
३	अन्य राजस्व	११,४३१.२	१२,७७५.४	१५,४४१.६
४	विविध प्राप्ति	२,३८५.३	१,१४४.७	०.०
५	राजस्व बाँडफाँड	१२,६८८.७	१३,९५१.८	१६,५००.०
६	**संघीय सरकारको संञ्चित कोषमा जम्मा हुने राजस्व**	**९५,५८३.३**	**११२,७८७.१**	**१३१,५००.०**
७	अनुदान प्राप्ति	२,३२८.९	३,४८९.५	५,३४४.७
८	संघीय सरकारको संञ्चितकोषमा जम्मा हुने राजस्व र अनुदान	९७,९१२.२	११६,२७६.६	१३६,८४४.७
९	**प्राथमिक खर्च**	**१०१,५७६.८**	**१२०,०७१.३**	**१४८,०३३.२**
१०	चालु खर्च	४८,४३१.७	५४,५२३.५	६५,४६१.९
११	पूँजीगत खर्च	१९,२०२.७	२९,३९०.४	४०,७८८.८
१२	वित्तीय हस्तानतरण	३३,९४२.४	३६,१५७.५	४१,७८२.५
१३	**प्राथमिक सन्तुलन**	**–३,६६४.७**	**–३,७९४.७**	**–११,१८८.५**
१४	ब्याज खर्च	१०,५३८.६	१०,३१२.६	१०,८५३.६
१५	आन्तरिक ऋणको ब्याज खर्च	९,३२३.०	९,११७.४	९,२९६.१
१६	वैदेशिक ऋणको ब्याज खर्च	१,२१५.६	१,१९५.२	१,५५७.५
१७	सम्पूर्ण वित्तीय सन्तुलन	–१४,२०३.२	–१४,१०७.३	–२२,०४२.१
१८	ऋणको साँवा भुक्तानी	२२,३२८.०	२९,३४४.१	३०,२४७.७
१९	आन्तरिक ऋणको साँवा भुक्तानी	१८,२५५.७	२३,८४०.७	२५,०५९.७
२०	वैदेशिक ऋणको साँवा भुक्तानी	४,०७२.२	५,५०३.४	५,१८८.०
२१	नगद प्राप्ती र लगानी पूर्वको सन्तुलन	–३६,५३१.२	–४३,४५१.५	–५२,२८९.८
२२	सार्वजनिक संस्थान वा अन्य संस्थाबाट लगानी फिर्ता	–	–	०.०
२३	सार्वजनिक संस्थान वा अन्य संस्थाबाट सेयर लगानी फिर्ता	–	–	०.०
२४	सार्वजनिक संस्थान वा अन्य संस्थाबाट ऋण लगानी फिर्ता	–	–	०.०
२५	सार्वजनिक संस्थान वा अन्य संस्थामा लगानी	४,८७५.२	६,४२४.६	६,८७६.५
२६	सार्वजनिक संस्थान वा अन्य संस्थाबाट सेयर लगानी	६९९.४	९२२.२	६६६.४
२७	सार्वजनिक संस्थान वा अन्य संस्थाबाट ऋण लगानी	४,१७५.८	५,५०२.४	६,२१०.०
२८	वैदेशिक शेयर लगानी	२१.६	८३.९	४००.०
२९	**बजेट सन्तुलन**	**–४१,४२८.०**	**–४९,९६०.०**	**–५९,५६६.३**
३०	**कूल ऋण आवश्यकता**	**–४१,४२८.०**	**–४९,९६०.०**	**–५९,५६६.३**
३१	**कूल ऋण परिचालन**	**३५,३६०.६**	**४९,९६०.०**	**५९,५६६.३**
३२	आन्तरिक ऋण परिचालन	२३,४५४.८	३३,०००.०	३६,२००.०
३३	बाह्य ऋण परिचालन	११,९०५.८	१६,९६०.०	२३,३६६.३
३४	**ऋण आवश्यकता र परिचालन बीचको अन्तर**	**–६,०६७.५**	**०.०**	**०.०**
३५	**नगद मौज्दातको अवस्था**	**–६,०६७.५**	**०.०**	**०.०**

स्रोत: सार्वजनिक ऋण व्यवस्थापन कार्यालय

आर्थिक वर्ष २०८२/८३ मा सरकारको प्राथमिक घाटा (Primary Deficit) रू. १ खर्ब ११ अर्ब देखिन्छ भने सरकारको ऋण सेवा खर्च तथा खुद वित्तीय लगानी समेतको आधारमा बजेट घाटा रू. ५ खर्ब ९५ अर्ब रहेको छ।

२.३ ऋण सेवा खर्च (Debt Servicing)

ऋण सेवा खर्च अन्तर्गत सरकारले सार्वजनिक ऋणको साँवा भुक्तानी र व्याज खर्च गरेको रकम समावेश हुन्छ। आर्थिक वर्ष २०८२/८३ मा ऋण सेवा वापत खर्च गर्न नेपाल सरकारले रू. ४ खर्ब ११ अर्ब बजेट विनियोजन गरेको छ। सो मध्ये साँवा भुक्तानीमा रू. ३ खर्ब २ अर्ब बजेट व्यवस्था भएको छ। नेपाल सरकारले कुल रू. ५ खर्ब ९५ अर्ब ऋण परिचालन गर्ने लक्ष्य लिएकोमा सोही अवधिमा साँवा फिर्ता गर्न रकम घटाउदा खुद ऋण परिचालन रू. २ खर्ब ९३ अर्ब हुने देखिन्छ।

तालिका: ५ - सार्वजनिक ऋण सेवा खर्च

(रू. करोडमा)

सिन	ऋण उपकरण	साँवा	व्याज	जम्मा
	आन्तरिक ऋण			
१	ट्रेजरी विल	१४,६५८.७३	२,८१५.६४	१७,४७४.३७
	विकास ऋणपत्र	१०,०००.००	६,२९५.५०	१६,२९५.५०
	नागरिक वचतपत्र	३९५.५०	१७०.००	५६५.५
	वैदेशिक रोजगार वचतपत्र	५.५०	१०.००	१५.५
	कमिशन भुक्तानी	००	५	५
आन्तरिक ऋण सेवा खर्च		**२५,०५९.७३**	**९,२९६.१४**	**३४,३५५.८७**
२	**वैदेशिक ऋण**			
	द्विपक्षीय	१,४१९.००	३८६.३०	१,८०५.३०
	बहुपक्षीय	३,७६९.००	११७१.१५	४,९४०.१५
वैदेशिक ऋणको सेवा खर्च		**५,१८८.००**	**१,५५७.१६**	**६,७४५.४५**
कुल जम्मा		**३०,२४७.७३**	**१०,८५३.५९**	**४१,१०१.३२**

२.४ ऋणको साँवा फिर्ता तालिका

नेपाल सरकारको हालसम्मको आन्तरिक ऋणको साँवा फिर्ता दायित्व रू. १२ खर्ब ६३ अर्ब रहेको छ। यस वार्षिक ऋण योजनामा विभिन्न ऋण उपकरण तथा यसको भुक्तानी अवधि छनौट गर्दा यस

अघि विभिन्न आर्थिक वर्षमा दायित्व कायम भई सकेको ऋणको साँवा फिर्तालाई समेत आधार लिई वार्षिक रूपमा भुक्तानी गर्नुपर्ने साँवा फिर्ता रकमलाई सन्तुलन कायम गर्ने प्रयास गरिएको छ।

आर्थिक वर्ष २०८१/८२ को असार मसान्तसम्म आन्तरिक ऋणको भुक्तानी तालिका देहाय बमोजिम रहेको छ।

तालिका: ६ -ऋण दायित्वको भुक्तानी तालिका

(रू. करोडमा)

आर्थिक वर्ष	ट्रेजरी बिल	विकास ऋणपत्र	नागरिक बचतपत्र	वैदेशिक रोजगार बचतपत्र	जम्मा	हिस्सा (%)
२०८२/८३	३७,५५६.२०	९,९९७.२०	३९५.३९	५.५२	४७,९५४.३१	३७.९७
२०८३/८४	-	१०,९००.००	२८२.९८	५.६७	११,१८८.६५	८.८६
२०८४/८५	-	१२,१००.००	२३६.१३	२.६४	१२,३३८.७७	९.७७
२०८५/८६	-	१०,६००.००	३६.९८	५.१६	१०,६४२.१४	८.४३
२०८६/८७	-	१२,०००.००	३९०.०२	१४.०५	१२,४०४.०७	९.८२
२०८७/८८	-	१०,६००.००	-	-	१०,६००.००	८.३९
२०८८/८९	-	९,९०९.५०	-	-	९,९०९.५०	७.८५
२०८९/९०	-	२,६७४.००	-	-	२,६७४.००	२.१२
२०९०/९१		३,७१०.००			३,७१०.००	२.९४
२०९१/९२		१,८८५.००			१,८८५.००	१.४९
२०९२/९३		३,०००.००			३,०००.००	२.३८
जम्मा	**३७,५५६.२०**	**८७,३७५.७०**	**१,३४१.५०**	**३३.०४**	**१२६,३०६.४४**	**१००.००**

स्रोत: सार्वजनिक ऋण व्यवस्थापन कार्यालय

चार्ट २- आन्तरिक ऋण भुक्तानी तालिका (रू. करोडमा)



२.५ अनुमानित मासिक बजेट घाटा

सरकारको मासिक रूपमा प्राप्त गर्ने अनुमानित राजस्व तथा हुने खर्चको आधारमा मासिक बजेट घाटाको विश्लेषण गरिएको छ। सरकारको विगत पाँच वर्षको राजस्व प्राप्ति तथा खर्चको प्रवृतिको आधारमा मासिक रूपमा हुन सक्ने न्यून बजेटको अनुमान गरिएको छ।

तालिका: ७ - मासिक बजेट घाटाको अनुमानित विवरण

(रू. करोडमा)

सिन	महिना	अनुमानित राजश्व प्राप्ति	अनुमानित खर्च	अनुमानित बजेट बचत/घाटा
१	श्रावण	११३४६	४३१०	७०३६
२	भाद्र	८६१४	१५९०८	-७२९५
३	आश्विन	१०५५६	१९९२७	-९३७१
४	कार्तिक	९०१६	११३५४	-२३३८
५	मंसिर	९५०४	१३२८५	-३७८१
६	पुष	१७५३१	१७७४४	-२१३
७	माघ	९३४५	१४५१८	-५१७३
८	फाल्गुन	९२९८	१६११५	-६८१७
९	चैत्र	१४१९६	१७३००	-३१०४
१०	बैशाख	१०२६३	१४३४४	-४०८०
११	जेठ	९६२०	१८६९७	-९०७६
१२	असार	१७५८६	३२९७२	-१५३८६
	जम्मा	१३६८७७	१९६४७५	-५९५९९

खण्ड-३, वार्षिक ऋण योजना लक्ष्य तथा निष्कासन तालिका

३.१ वार्षिक ऋण परिचालन तर्जुमाको आधार

नेपाल सरकारको आ.व. २०८२/८३ को वार्षिक आय-व्यय अनुमान, राष्ट्र ऋण उठाउने ऐन, २०८२ ले तोकेको सीमाभित्र रही सार्वजनिक ऋणको दिगोपना, ऋणको लागत तथा जोखिमको आधारमा विवेकशील ऋण उपकरण छनौट गर्ने मुलभूत पक्षहरूलाई दृष्टिगत गरी देहायको आधारमा ऋण परिचालन गरिने लक्ष्य तथा अनुमान गरिएको छ।

क. वैदेशिक ऋणको प्राप्ति ऋण सम्झौता तथा वैदेशिक स्रोत समावेश भएको आयोजनाको खर्चमा आधारित हुने भएकोले गत विगत वर्षमा भएको डिस्वर्समेन्टको प्रवृतिको आधारमा प्रथम र दोस्रो त्रैमासिकमा क्रमश: २०/२० प्रतिशतको दरले तथा तेस्रो र चौथो त्रैमासिकमा क्रमश: ३०/३० प्रतिशतको दरले हुने अनुमान तथा लक्ष्य राखिएको छ।

ख. मध्यमकालीन ऋण रणनीति २०८१/८२- २०८३/८४ ले कुल सार्वजनिक ऋण तथा आन्तरिक ऋणमा अल्पकालीन ऋणको हिस्सा घटाउदै लैजाने र सोको प्रतिस्थापन मध्यमकालीन तथा दीर्घकालीन ऋणपत्र निष्कासन गर्ने रणनीति अनुसार नै गत वर्षको ट्रेजरी बिलको मौज्दात घट्ने गरी आन्तरिक ऋण उपकरण छनौट गरिएको छ।

ग. सरकारको विगत वर्षहरुको राजस्व प्राप्ति तथा खर्चको प्रवृतिको आधारमा मासिक रूपमा हुन सक्ने न्यून बजेटको अनुमान गरी ऋण निष्कासन तालिका तर्जुमा गरिएको छ।

घ. हाल बजारमा पर्याप्त तरलता रहेको तथा व्याजदर समेत न्यून रहेकोले लागत प्रभावकारिताको लागि आर्थिक वर्षको प्रथम र दोस्रो त्रैमासिकमा मध्यमकालीन तथा दीर्घकालीन ऋणपत्र निष्कासन गर्ने गरी योजना तथा निष्कासन तालिका तर्जुमा गरिएको छ।

ङ. आर्थिक वर्षको प्रथम र दोस्रो त्रैमासिकमा गत वर्ष मौज्दात रहेको ट्रेजरी बिलको भुक्तानीलाई प्राथमिकतामा राखिएको छ भने आर्थिक वर्षको तेस्रो तथा चौथो त्रैमासिकमा न्यून हुने बजेट पूर्ति गर्न ट्रेजरी बिल निष्कासन गर्ने गरी योजना तर्जुमा गरिएको छ।

च. नेपाल सरकारको आन्तरिक ऋणको साँवा फिर्ता दायित्वको भुक्तानी तालिकाको आधारमा ऋण उपकरण तथा यसको भुक्तानी अवधि छनौट गरिएको छ। यसरी छनौट गर्दा यस अघि दायित्व कायम भई सकेको ऋणको साँवा फिर्तालाई समेत आधार लिई वार्षिक तथा मासिक रूपमा भुक्तानी सन्तुलन कायम गर्न प्रयास गरिएको छ।

छ. आर्थिक वर्ष २०८२/८३ मा नेपाल सरकारले मासिक रुपमा ऋण सेवा खर्च (Debt Servicing Cost) वापत भुक्तानी गर्ने रकमलाई समेत आधार लिइएको छ। यसले बजारमा ऋणपत्रको निष्कासन र भुक्तानीको कारण नगद प्रवाहमा सन्तुलन गर्न प्रयास गरिएको छ।

३.२ वार्षिक ऋण स्रोतगत परिचालन

नेपाल सरकारको आ.व. २०८२/८३ को वार्षिक आय-व्यय अनुमान अनुसारको न्यून हुने रकम पूर्ति गर्न देहाय बमोजिम ऋण परिचालन गरिनेछ।

तालिका: ८ - वार्षिक ऋण स्रोतगत परिचालन

(रू. करोडमा)

सि.नं	ऋणको स्रोत	वार्षिक ऋण रकम	प्रतिशत
१	आन्तरिक ऋण	३६,२००.००	६१%
२	वैदेशिक ऋण	२३,३६६.३१	३९%
जम्मा		**५९,५६६.३१**	१०० %
३	विद्यमान ट्रेजरी बिलको नवीकरण	२२,९००.००	
कुल ऋण आवश्यकताको रकम		**८२,३६६.३१**	

आर्थिक वर्ष २०८२/८३ मा न्यून बजेट पूर्ति आन्तरिक ऋणबाट ६१ प्रतिशत र वैदेशिक ऋणबाट ३९ प्रतिशत हुने लक्ष्य रहेको छ। आर्थिक वर्षको सुरूवातमा रु. ३७५ अर्ब मौज्दात रहेको ट्रेजरी बिलको रकम मध्ये रू.१४६ अर्ब भुक्तानी गरी बाँकी रहेको रू. २२९ अर्ब नवीकरण निष्कासन गरिने अनुमान गरिएको छ।

३.३ ऋणको उपकरणगत विभाजन

मध्यमकालीन ऋण व्यवस्थापन रणनीतिले लिएको लक्ष्य र वार्षिक बजेटले निश्चित गरेका सार्वजनिक ऋण सम्बन्धी सीमाहरूलाई समेत विश्लेषण गरी आ.व.२०८२/८३ को लागि वार्षिक ऋणको उपकरणगत खाका तयार गरिएको छ। वैदेशिक ऋण प्राप्त गर्ने लक्ष्य दातृ निकायगत बजेटमा नै अनुमान गरेको छ। आन्तरिक ऋणको कुल परिचालन गर्न रू ३६२ अर्बमा नबढ्ने गरी सीमा तोकिएकोले विभिन्न उपकरण मार्फत परिचालन गर्ने योजना तर्जुमा गरिएको छ। सार्वजनिक ऋणको स्रोतलाई विभिन्न उपकरणमा देहाय बमोजिम बाँडफाँट गरिएको छ।

तालिका: ९ - ऋणको उपकरणगत विभाजन

(रू. करोडमा)

सि.नं	ऋण स्रोत	उपकरण समूह	रकम रू (करोडमा)	कुल ऋणमा प्रतिशत
१	वैदेशिक ऋण	RDI-1 IDA/IFAD/EEC/EIB/ NDF	९,२२७.३२	११.२०%
		RDI – 2: ADB/OFID	११,८८८.५१	१४.४३%
		RDI – 3: Bilateral	७२५.३०	०.८८%
		RDI – 4: Exim Loans	४०५.१८	०.४९%
		RDI – 5: IMF Loans	१,१२०.००	१.३६%
जम्मा			२३,३६६.३१	२८.३७%
२	आन्तरिक ऋण	क- ट्रेजरी बिल		
		२८ दिने	२,०००.००	२.४३%
		९१ दिने	५,०००.००	६.०७%
		१८२ दिने	४,०००.००	४.८६%
		३६४ दिने	२,०००.००	२.४३%
		Treasury Bill Rollover	२२,८००.००	२७.६८%
		ख- ट्रेजरी वण्ड		
		RDI - 6: T-Bonds 2-4 yrs	७,०००.००	८.५०%
		RDI - 7: T-Bonds 5-7 yrs	८,२००.००	९.९६%
		RDI - 8: T-Bonds 8-10 yrs	६,०००.००	७.२८%
		RDI - 9: T-Bonds 11-15 yrs	२,०००.००	२.४३%
जम्मा			५९,०००.००	७१.६३%
कुल जम्मा			**८२,३६६.३१**	**१००**
ट्रेजरी बिल रोलओभर बाहेक कुल जम्मा			**५९,५६६.३१**	

मध्यमकालीन ऋण व्यवस्थापन रणनीतिले अल्पकालीन ऋणको हिस्सा कम गर्ने रणनीति अनुसार नै यस ऋण योजनामार्फत विगतको तुलनामा आन्तरिक ऋणमा ट्रेजरी बिलको अंशलाई कम गर्दै मध्यमकालीन तथा दीर्घकालीन विकास ऋणपत्रहरूको अंशलाई बढाउने गरी उपकरण छनौट गरिएको छ ।

ट्रेजरी वण्डको उपकरणगत विभाजन निम्न अनुसार रहेको छः

विकास ऋणपत्र	रू. २२६०० करोड
नागरिक बचतपत्र	रू. ५०० करोड
वैदेशिक रोजगार बचत पत्र	रू. १०० करोड

३.४ ऋणको उपकरणगत त्रैमासिक परिचालन लक्ष्य

आर्थिक वर्ष २०८२/८३ मा परिचालन गर्ने सार्वजनिक ऋणको उपकरणगत त्रैमासिक विभाजन देहाय बमोजिम हुने अनुमान गरिएको छ।

क. वैदेशिक ऋण

तालिका: १० - वैदेशिक ऋणको त्रैमासिक परिचालन लक्ष्य

(रू. करोडमा)

सि.नं	ऋण स्रोत	उपकरण समूह	रकम रू (करोडमा)	प्रथम	दोस्रो	तेस्रो	चौथो
१	वैदेशिक ऋण	RDI-1 IDA/IFAD/EEC/EIB/NDF	९,२२७.३२	१८४५.४६	१८४५.४६	२७६८.२०	२७६८.२०
		RDI – 2: ADB/OFID	११,८८८.५१	२३७७.७०	२३७७.७०	३५६६.५५	३५६६.५५
		RDI – 3: Bilateral	७२५.३०	१४५.०६	१४५.०६	२१७.५९	२१७.५९
		RDI – 4: Exim Loans	४०५.१८	८१.०४	८१.०४	१२१.५५	१२१.५५
		RDI – 5: IMF Loans	१,१२०.००	२२४.००	२२४.००	३३६.००	३३६.००
जम्मा			२३,३६६.३१	४,६७३.२६	४,६७३.२६	७,००९.८९	७,००९.८९

ख. आन्तरिक ऋण

तालिका: ११ - आन्तरिक ऋणको त्रैमासिक परिचालन लक्ष्य

(रू. करोडमा)

सि.नं	ऋण स्रोत	उपकरण समूह	रकम (रू करोडमा)	प्रथम	दोस्रो	तेस्रो	चौथो
२	आन्तरिक ऋण	क- ट्रेजरी बिल					
		२८ दिने	२,०००		५००	५००	१०००
		९१ दिने	५,०००		१०००	२०००	२०००
		१८२ दिने	४,०००		५००	१५००	२०००
		३६४ दिने	२,०००		५००	१०००	५००
		ख- ट्रेजरी वण्ड					
		RDI - 6: T-Bonds 2-4 yrs	७,०००	३०००	३०००	१०००	
		RDI - 7: T-Bonds 5-7 yrs	८,२००	३३००	१०००	३९००	
		RDI - 8: T-Bonds 8-10 yrs	६,०००	३०००	२०००	१०००	
		RDI - 9: T-Bonds 11-15 yrs	२,०००	२०००			
जम्मा			३६,२००	११३००	८५००	१०९००	५५००
		Treasury Bill Rollover	२२,९००				
कुल जम्मा			५९,१००				

३.५ नगद प्रवाहको अवस्था

आर्थिक वर्ष २०८२/८३ मा नेपाल सरकारले आन्तरिक ऋणको साँवा भुक्तानीको लागि रू. २४९ अर्ब बजेट विनियोजन गरेको छ भने न्यून वित्त परिचालन गर्न रू. ३६२ अर्ब आन्तरिक ऋण निष्कासन गर्ने लक्ष्य लिएको छ। सरकारले लक्ष्य अनुसार ऋणपत्रहरु निष्कासन गर्दा बजारमा तरलताको अवस्थामा पार्ने प्रभावलाई मासिक रुपमा विश्लेषण गरिएको छ। यस विश्लेषणले सरकारले मासिक रुपमा गर्ने खुद ऋण परिचालन देखाउदछ। यस विश्लेषणमा सरकारले ऋणपत्रको व्याज बापत भुक्तानी गर्ने रकम तथा वैदेशिक ऋणको साँवा तथा व्याज भुक्तानी रकम समावेश गरिएको छैन। वार्षिक ऋण योजना तथा निष्कासन तालिका २०८२/८३ कार्यान्वयन गर्दा मासिक रुपमा देहाय बमोजिम खुद नगद प्रवाह हुने देखिन्छ।

तालिका: १२ - नगद प्रवाहको अवस्था

(रू. करोडमा)

सिन	महिना	भुक्तानी					आन्तरिक ऋण प्राप्ति	खुद परिचालन
		ट्रेजरी बिल	विकास ऋणपत्र	नागरिक बचतपत्र	वैदेशिक रोजगार बचतपत्र	जम्मा साँवा भुक्तानी		
१	श्रावण	३०००				३०००	४०००	१०००
२	भाद्र	३०००				३०००	४०००	१०००
३	आश्विन	१०००				१०००	३३००	२३००
४	कार्तिक	१०००	१३८६			२३८६	३०००	६१४
५	मंसिर	१५००	२००			१७००	२५००	८००
६	पुष	२५००				२५००	३०००	५००
७	माघ	१०००	१०००			२०००	४०००	२०००
८	फाल्गुन	५००	१५००	२००	१.५३	२२०२	२६००	३९८
९	चैत्र	६००		१९५.३९३		७९५	४३००	३५०५
१०	बैशाख	५००	७००			१२००	१५००	३००
११	जेठ		३७११.२			३७११	२०००	-१७११
१२	असार		१५००		३.९९	१५०४	२०००	४९६
	जम्मा	१४६००.०	९९९७.२	३९५.४	५.५	२४९९८.१	३६२००.०	११२०१.९

माथिको तालिका अनुसार चालु आर्थिक वर्षमा रू. ११२ अर्ब खुद आन्तरिक ऋण परिचालन हुन जाने देखिन्छ।

३.६ सार्वजनिक ऋण दायित्वको प्रक्षेपण

वार्षिक ऋण योजना २०८२/८३ को कार्यान्वयन पश्चात आ.व. २०८२/८३ को अन्त्यमा कुल सार्वजनिक ऋण रू. २९ खर्ब ४२ अर्ब कायम हुने अनुमान गरिएको छ। यो आर्थिक वर्ष २०८२/८३ को लागि प्रक्षेपित कुल गार्हस्थ उत्पादनको अनुपातमा ४३.०८ प्रतिशत हुन जाने देखिन्छ।

तालिका: १३ - सार्वजनिक ऋण दायित्वको प्रक्षेपण

(रू. करोडमा)

विवरण	शुरू मौज्दात(२०८२ श्रावण १)	२०८२/८३ मा ऋण प्राप्ति	२०८२/८३ मा सावाँ फिर्ता	अन्तिम मौज्दात (२०८३ असार मसान्त)	हिस्सा (प्रतिशत)
आन्तरिक ऋण	१२६,६९७.९९	३६,२००.००	२५,०५९.७३	१३७,८३८.२६	४६.८५%
ट्रेजरी बिल	३७,५५६.२०	१३,०००.००	१४,६५८.७३	३५,८९७.४७	१२.२०%
विकास ऋणपत्र	८७,३७५.७०	२२,६००.००	१०,०००.००	९९,९७५.७०	३३.९८%
नागरिक बचतपत्र	१,३४१.५०	५००	३९५.५	१,४४६.००	०.४९%
वैदेशिक रोजगार बचतपत्र	३३.०५	१००	५.५	१२७.५५	०.०४%
आइ.एम.एफ बण्ड	३९१.५४	०	०	३९१.५४	०.१३%
बाह्य ऋण	१३८,२११.१३	२३,३६६.३१	५,१८८.००	१५६,३८९.४४	५३.१५%
बहुपक्षीय ऋण	११८,७५६.००	१९३९४.०४	१,४१९.००	१३६,७३१.०४	४६.४७%
द्धिपक्षीय	१९,४५५.१३	३९७२.२७	३,७६९.००	१९,६५८.४१	६.६८%
कुल सार्वजनिक ऋण	२६४,९०९.१२	५९,५६६.३१	३०,२४७.७३	२९४,२२७.७०	१००.००%

आर्थिक वर्ष २०८२/८३ को असार मसान्तसम्ममा कुल सार्वजनिक ऋण रू. २९ खर्ब ४२ अर्ब हुने अनुमान गरिएको छ। कुल सार्वजनिक ऋणमा आन्तरिक ऋण र वैदेशिक ऋणको हिस्सा क्रमश: ४६.८५ प्रतिशत र ५३.१५ प्रतिशत हुने अपेक्षा गरिएको छ। आन्तरिक ऋणको उपकरण मध्ये ट्रेजरी बिल, विकास ऋणपत्र, नागरिक बचतपत्र, वैदेशिक रोजगार बचतपत्र र आइ.एम.एफ बण्डको मौज्दात कुल ऋणको १२.२ प्रतिशत, ३३.९८ प्रतिशत, ०.४९ प्रतिशत, ०.०४ प्रतिशत र ०.१३ प्रतिशत रहने अनुमान रहेको छ। यस आर्थिक वर्षमा ट्रेजरी बिल बाहेक अन्य आन्तरिक ऋणका उपकरणहरूमा वृद्धि हुने आँकलन गरिएको छ।

चार्ट ३ - कुल ऋणमा उपकरणगत प्रतिशत



आ.व. २०८२/८३ को प्रारम्भमा द्विपक्षीय र बहुपक्षीय वैदेशिक ऋण कुल ऋणको क्रमशः ७.३४ प्रतिशत र ४४.८३ प्रतिशत रहेकोमा आर्थिक वर्षको अन्त्यमा क्रमशः ६.६८ प्रतिशत र ४६.४७ प्रतिशत पुग्ने अनुमान रहेको छ। यसले वैदेशिक ऋणमा द्विपक्षीय ऋणको हिस्सा बिस्तारै घट्दै गइरहेको देखाउछ। त्यस्तै आन्तरिक ऋण तर्फ ट्रेजरी बिल र विकास ऋणपत्रको हिस्सा आर्थिक वर्षको प्रारम्भमा कुल ऋणको क्रमश: १४.१८ प्रतिशत र ३२.९८ प्रतिशत रहेकोमा आर्थिक वर्षको अन्त्यमा क्रमश: १२.२ प्रतिशत र ३३.९८ प्रतिशत कायम रहने अपेक्षा गरिएको छ। अत: यस अवधिमा मध्यमकालीन ऋण रणनीतिले लिएको अल्पकालीन ऋणको हिस्सा घटाउने लक्ष्य प्राप्त हुने देखिन्छ।

चार्ट ४- कुल गार्हस्थ उत्पादनको अनुपातमा ऋण



आ.व. २०८२/८३ को प्रारम्भमा कुल गार्हस्थ उत्पादनको आधारमा आन्तरिक ऋण र वैदेशिक ऋण क्रमशः २०.७५ प्रतिशत र २२.६३ प्रतिशत रहेकोमा आर्थिक वर्षको अन्त्यमा क्रमशः २०.१८ प्रतिशत र २२.९० प्रतिशत पुग्ने अनुमान रहेको छ।

३.७ अनुमानित ऋण दायित्व भुक्तानी तालिका

वार्षिक ऋण योजना २०८२/८३ को कार्यान्वयन पश्चात आन्तरिक ऋण दायित्व भुक्तानी तालिका देहाय बमोजिम रहने अनुमान गरिएको छ।

तालिका: १४ - अनुमानित ऋण दायित्व भुक्तानी तालिका

(रू. करोडमा)

आर्थिक वर्ष	ट्रेजरी बिल	विकास ऋणपत्र	नागरिक बचतपत्र	वैदेशिक रोजगार बचतपत्र	जम्मा	हिस्सा (%)
२०८३/८४	३५,८९७.४७	१०,९००.००	२८२.९८	५.६७	४७,०८६.१२	३४.२६
२०८४/८५	-	१२,१००.००	२३६.१३	२.६४	१२,३३८.७७	८.९८
२०८५/८६	-	१४,६००.००	३६.९८	५.१६	१४,६४२.१४	१०.६५
२०८६/८७	-	१५,०००.००	३९०.०२	१४.०५	१५,४०४.०७	११.२१
२०८७/८८	-	१२,२००.००	५००.००	१००.००	१२,८००.००	९.३१
२०८८/८९	-	१२,९०९.५०	-	-	१२,९०९.५०	९.३९
२०८९/९०	-	५,६७४.००	-	-	५,६७४.००	४.१३
२०९०/९१		५,७१०.००			५,७१०.००	४.१५
२०९१/९२		३,८८५.००			३,८८५.००	२.८३
२०९२/९३		५,०००.००			५,०००.००	३.६४
२०९३/९४		२,०००.००			२,०००.००	१.४६
जम्मा	**३५,८९७.४७**	**९९,९७८.५०**	**१,४४६.११**	**१२७.५२**	**१३७,४४९.६०**	**१००.००**

३.८ वार्षिक ऋण निष्कासन तालिका

वार्षिक ऋण योजनाले त्रैमासिक तथा उपकरणगत रूपमा आन्तरिक ऋण परिचालन गर्न लिएको लक्ष्यको आधारमा ऋण निष्कासन तालिका तयार गरिएको छ। यस तालिकामा कुन समयमा कति रकमको कस्तो उपकरण निष्कासन गरिनेछ भन्ने विवरण उल्लेख गरिएको छ। यसले सम्भाव्य लगानीकर्तालाई आफ्नो लगानी योजना बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ।

तालिका: १५

आर्थिक वर्ष २०८२/८३ का त्रैमासिक रूपमा उठाइने आन्तरिक ऋणको बोलकबोल तालिका

(रू. करोडमा)

प्रथम त्रैमासिक						
क	ट्रेजरी बिल					
क्र.सं.	उपकरण	भुक्तानी अवधि	ब्याज दर	बोलकबोल मिति	निष्कासन मिति	रकम
जम्मा रकम						०.००
ख	विकास ऋणपत्र					
क्र.सं.	उपकरण	भुक्तानी अवधि	ब्याज दर	बोलकबोल मिति	निष्कासन मिति	रकम
१	विकास ऋणपत्र	३ वर्षे	बोलकबोलबाट निर्धारण हुने	२०८२-०४-०७	२०८२-०४-०८	१,०००.००
२	विकास ऋणपत्र	४ वर्षे	बोलकबोलबाट निर्धारण हुने	२०८२-०४-१४	२०८२-०४-१५	१,०००.००
३	विकास ऋणपत्र	११ वर्षे	बोलकबोलबाट निर्धारण हुने	२०८२-०४-२१	२०८२-०४-२२	१,०००.००
४	विकास ऋणपत्र	८ वर्षे	बोलकबोलबाट निर्धारण हुने	२०८२-०४-२८	२०२८-०४-२९	१,०००.००
५	विकास ऋणपत्र	१० वर्षे	बोलकबोलबाट निर्धारण हुने	२०८२-०५-०४	२०८२-०५-०५	१,०००.००
६	विकास ऋणपत्र	३ वर्षे	बोलकबोलबाट निर्धारण हुने	२०८२-०५-११	२०८२-०५-१२	१,०००.००
७	विकास ऋणपत्र	९ वर्षे	बोलकबोलबाट निर्धारण हुने	२०८२-०५-१८	२०८२-०५-१९	१,०००.००

८	विकास ऋणपत्र	६ वर्षे	बोलकबोलबाट निर्धारण हुने	२०८२-०५-२५	२०८२-०५-२६	१,०००.००
९	विकास ऋणपत्र	११ वर्षे	बोलकबोलबाट निर्धारण हुने	२०८२-०६-०१	२०८२-०६-०२	१,०००.००
१०	विकास ऋणपत्र	७ वर्षे	बोलकबोलबाट निर्धारण हुने	२०८२-०६-२२	२०८२-०६-२३	१,०००.००
११	विकास ऋणपत्र	५ वर्षे	बोलकबोलबाट निर्धारण हुने	२०८२-०६-२९	२०८२-०६-३०	१,०००.००
जम्मा रकम						**११,०००.००**
ग	**नागरिक बचतपत्र**					
क्र.सं.	**उपकरण**	**भुक्तानी अवधि**	**ब्याज दर**	**बिक्री खुला/बन्द मिति**	**निष्कासन मिति**	**रकम**
१	**नागरिक बचतपत्र**	५ वर्षे	पछि निर्धारण गरिने	२०८२-०५-२९ देखि २०८२-०६-३०	६/३१/२०८२	२५०.००
जम्मा रकम						**२५०.००**
घ	**वैदेशिक रोजगार बचतपत्र**					
क्र.सं.	**उपकरण**	**भुक्तानी अवधि**	**ब्याज दर**	**बिक्री खुला/बन्द मिति**	**निष्कासन मिति**	**रकम**
१	**वैदेशिक रोजगार बचतपत्र**	५ वर्षे	पछि निर्धारण गरिने	२०८२-०५-२९ देखि २०८२-०६-३०	६/३१/२०८२	५०.००
जम्मा रकम						**५०.००**
कुल जम्मा						**११,३००.००**
दोश्रो त्रैमासिक						
क	**ट्रेजरी बिल**					

क्र.सं.	उपकरण	भुक्तानी अवधि	ब्याज दर	बोलकबोल मिति	निष्कासन मिति	रकम
१	ट्रेजरी बिल	९१	बोलकबोलबाट निर्धारण हुने	२०८२-०७-१७	२०८२-०७-१८	५००.००
२	ट्रेजरी बिल	१८२	बोलकबोलबाट निर्धारण हुने	२०८२-०७-२४	२०८२-०७-२५	५००.००
३	ट्रेजरी बिल	२८	बोलकबोलबाट निर्धारण हुने	२०८२-०८-०८	२०८२-०८-०९	५००.००
४	ट्रेजरी बिल	९१	बोलकबोलबाट निर्धारण हुने	२०८२-०८-२९	२०८२-०९-०१	५००.००
५	ट्रेजरी बिल	३६४	बोलकबोलबाट निर्धारण हुने	२०८२-०९-२१	२०८२-०९-२२	५००.००
जम्मा रकम						**२,५००.००**
ख	**विकास ऋणपत्र**					
क्र.सं.	**उपकरण**	**भुक्तानी अवधि**	**ब्याज दर**	**बोलकबोल मिति**	**निष्कासन मिति**	**रकम**
१	विकास ऋणपत्र	४ वर्षे	बोलकबोलबाट निर्धारण हुने	२०८२-०७-१९	२०८२-०७-२०	१,०००.००
२	विकास ऋणपत्र	६ वर्षे	बोलकबोलबाट निर्धारण हुने	२०८२-०७-२६	२०८२-०७-२७	१,०००.००
३	विकास ऋणपत्र	१० वर्षे	बोलकबोलबाट निर्धारण हुने	२०८२-०८-१६	२०८२-०८-१७	१,०००.००
४	विकास ऋणपत्र	३ वर्षे	बोलकबोलबाट निर्धारण हुने	२०८२-०८-२४	२०८२-०८-२५	१,०००.००
५	विकास ऋणपत्र	८ वर्षे	बोलकबोलबाट निर्धारण हुने	२०८२-०९-०८	२०८२-०९-०९	१,०००.००
६	विकास ऋणपत्र	४ वर्षे	बोलकबोलबाट निर्धारण हुने	२०८२-०९-२३	२०८२-०९-२४	१,०००.००
जम्मा रकम						**६,०००.००**
कुल जम्मा						**८,५००.००**
तेश्रो त्रैमासिक						
क	**ट्रेजरी बिल**					
क्र.सं.	**उपकरण**	**भुक्तानी अवधि**	**ब्याज दर**	**बोलकबोल मिति**	**निष्कासन मिति**	**रकम**
१	ट्रेजरी बिल	२८	बोलकबोलबाट निर्धारण हुने	२०८२-१०-०४	२०८२-१०-०६	५००.००

२	ट्रेजरी बिल	१८२	बोलकबोलबाट निर्धारण हुने	२०८२-१०-१२	२०८२-१०-१३	५००.००
३	ट्रेजरी बिल	३६४	बोलकबोलबाट निर्धारण हुने	२०८२-१०-१९	२०८२-१०-२०	५००.००
४	ट्रेजरी बिल	९१	बोलकबोलबाट निर्धारण हुने	२०८२-१०-२६	२०८२-१०-२७	५००.००
५	ट्रेजरी बिल	९१	बोलकबोलबाट निर्धारण हुने	२०८२-११-१७	२०८२-११-१९	५००.००
६	ट्रेजरी बिल	९१	बोलकबोलबाट निर्धारण हुने	२०८२-११-२५	२०८२-११-२६	५००.००
७	ट्रेजरी बिल	१८२	बोलकबोलबाट निर्धारण हुने	२०८२-१२-०२	२०८२-१२-०३	५००.००
८	ट्रेजरी बिल	९१	बोलकबोलबाट निर्धारण हुने	२०८२-१२-०९	२०८२-१२-१०	५००.००
९	ट्रेजरी बिल	१८२	बोलकबोलबाट निर्धारण हुने	२०८२-१२-१६	२०८२-१२-१७	५००.००
१०	ट्रेजरी बिल	३६४	बोलकबोलबाट निर्धारण हुने	२०८२-१२-२३	२०८२-१२-२४	५००.००
जम्मा रकम						**५,०००.००**
ख	**विकास ऋणपत्र**					
क्र.सं.	**उपकरण**	**भुक्तानी अवधि**	**ब्याज दर**	**बोलकबोल मिति**	**निष्कासन मिति**	**रकम**
१	विकास ऋणपत्र	९ वर्षे	बोलकबोलबाट निर्धारण हुने	२०८२-१०-१४	२०८२-१०-१५	१०००
२	विकास ऋणपत्र	३ वर्षे	बोलकबोलबाट निर्धारण हुने	२०८२-१०-२१	२०८२-१०-२२	१०००
३	विकास ऋणपत्र	७ वर्षे	बोलकबोलबाट निर्धारण हुने	२०८२-११-१३	२०८२-११-१४	१०००
४	विकास ऋणपत्र	५ वर्षे	बोलकबोलबाट निर्धारण हुने	२०८२-११-२६	२०८२-११-२७	६००
५	विकास ऋणपत्र	७ वर्षे	बोलकबोलबाट निर्धारण हुने	२०८२-१२-११	२०८२-१२-१२	१०००
६	विकास ऋणपत्र	६ वर्षे	बोलकबोलबाट निर्धारण हुने	२०८२-१२-२५	२०८२-१२-२६	१०००
जम्मा रकम						**५,६००.००**
ग	**नागरिक बचतपत्र**					

क्र.सं.	उपकरण	भुक्तानी अवधि	ब्याज दर	बिक्री खुला/बन्द मिति	निष्कासन मिति	रकम
१	नागरिक बचतपत्र	५ वर्षे	पछि निर्धारण गरिने	२०८२-११-१९ देखि २०८२-१२-१९	१२/२२/२०८२	२५०.००
जम्मा रकम						**२५०.००**
घ	**वैदेशिक रोजगार बचतपत्र**					
क्र.सं.	**उपकरण**	**भुक्तानी अवधि**	**ब्याज दर**	**बिक्री खुला/बन्द मिति**	**निष्कासन मिति**	**रकम**
१	**वैदेशिक रोजगार बचतपत्र**	५ वर्षे	पछि निर्धारण गरिने	२०८२-११-१९ देखि २०८२-१२-१९	१२/२२/२०८२	**५०.००**
जम्मा रकम						**५०.००**
कुल जम्मा						**१०९००.००**
चौथो त्रैमासिक						
क	**ट्रेजरी बिल**					
क्र.सं.	**उपकरण**	**भुक्तानी अवधि**	**ब्याज दर**	**बोलकबोल मिति**	**निष्कासन मिति**	**रकम**
१	ट्रेजरी बिल	९१	बोलकबोलबाट निर्धारण हुने	२०८३-०१-०७	२०८३-०१-०८	५००.००
२	ट्रेजरी बिल	१८२	बोलकबोलबाट निर्धारण हुने	२०८३-०१-१४	२०८३-०१-१५	५००.००
३	ट्रेजरी बिल	१८२	बोलकबोलबाट निर्धारण हुने	२०८३-०१-२८	२०८३-०१-२९	५००.००
४	ट्रेजरी बिल	९१	बोलकबोलबाट निर्धारण हुने	२०८३-०२-०४	२०८३-०२-०५	५००.००
५	ट्रेजरी बिल	१८२	बोलकबोलबाट निर्धारण हुने	२०८३-०२-११	२०८३-०२-१२	५००.००

६	ट्रेजरी बिल	९१	बोलकबोलबाट निर्धारण हुने	२०८३-०२-१८	२०८३-०२-१९	५००.००
७	ट्रेजरी बिल	३६४	बोलकबोलबाट निर्धारण हुने	२०८३-०२-२५	२०८३-०२-२६	५००.००
८	ट्रेजरी बिल	१८२	बोलकबोलबाट निर्धारण हुने	२०८३-०३-०१	२०८३-०३-०२	५००.००
९	ट्रेजरी बिल	९१	बोलकबोलबाट निर्धारण हुने	२०८३-०३-०८	२०८३-०३-०९	५००.००
१०	ट्रेजरी बिल	२८	बोलकबोलबाट निर्धारण हुने	२०८३-०३-१५	२०८३-०३-१६	५००.००
११	ट्रेजरी बिल	२८	बोलकबोलबाट निर्धारण हुने	२०८३-०३-२२	२०८३-०३-२३	५००.००
जम्मा रकम						**५,५००.००**
				कुल जम्मा		**३६,२००.००**